# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, असोज २९ गते २०३९ साल (अतिरिक्ताङ्क ३१ (क)

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले नेपाल मुद्रा ऐन, २०१९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विश्व खाद्य कृषि सङ्गठनको अनुरोधमा १६ अक्टोबर १९८२ को विश्व खाद्य दिवसको उपलक्ष्यमा निम्न डिजाइन, नाप र तौलको मुद्रा श्री ५ को सरकार, अर्थ मन्त्रालय, टक्सार तथा नापतौल विभागबाट टकमरी गराई निष्काशन गर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

मुद्रा रु. २।–

एकापट्टि :- घेरामा चौंसट्ठी थोप्लाहरू बीचमा चतुष्कोणभित्र त्रिशूलयुक्त स्वस्तिकमा "श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव" वरिपरि दायाँ बायाँ शंख, चक्र, गदा, पद्म माथि चन्द्र, सूर्यको बीचमा "श्री श्री" तल "२०३९" अङ्कित ।

अर्कोपट्टि :– घेरामा चौंसट्ठी थोप्लाहरू बीचमा "२ रूपैयाँ" तल "नेपाल अधिराज्य" तल "पहिलो आवश्यकता खाद्य" माथि, चन्द्र सूर्यको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि लागू हुनेछ।

बीचमा "श्री भवानी" तल फलफूल तरकारी राखिएको ढक्की दायाँ बायाँ गहूँको बाला ।

व्यास :– २६ मी.मी.

तौल :– ६.५ ग्राम

धातु :– ७५ तामा + २५ निक्केल

सिरेशन :– १०५

छाप्ने थान :– २५,००,०००

आज्ञाले
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

325

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।